28T MNEP

# 2018

# NEPALI

( MODERN INDIAN LANGUAGE )

**Full Marks : 100**

**Pass Marks : 30**

**Time : Three hours**

*The figures in the margin indicate full marks for the questions.*

*Contd.*

1. उत्तर देऊ : 1×10=10

(क) रामायण सुन्दरकाण्ड कविताका कवि को हुन ?

(ख) अशोक वन कहाँ छ ?

(ग) मोतीराम भट्टले लेखेको तिम्रो पाठ्य कविता कुन हो ?

(घ) शरद ऋतु पछि आउने ऋतु कुन हो ?

(ङ) "इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो" —

—माथिको पंक्ति कुन कविताको हो ?

(च) "राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो"

— माथिको पंक्तिले केलाई बुझाएको छ ?

(छ) बालकृष्ण समले लेखेको तिम्रो पाठ्य कविता कुन हो ?

(ज) खाली ठाउँ पूरा गर :

'कहिले मनमा ____ उदाउँछ'।

(झ) 'भोलि उदाउने सूर्यलाई' कविता कसले लेखेको हो ?

(ञ) पुष्पलाल उपाध्यायले कति सनमा साहित्य अकादमी पुरस्कार पाएका थिए ?



2. संक्षेपमा उत्तर देऊ : 2×7=14

(क) भानुभक्तको बधुशिक्षाले के कस्तो कुरालाई झल्काउँछ ?

(ख) धान रोपाइँको बेला के पाराको बाजा घन्काइको चलन र दशैंमा मार हान्दा के राग गाँउने चलन छ ?

(ग) जापान सरकारको तत्वावधानमाकहिलेदेखि के नामको एउटा मासिक पत्रिका प्रकाशित भइरहेको छ ?

(घ) वैज्ञानिक हरगोविन्द खुरानाको जन्म कहिले र कहाँ भएको थियो ?

(ङ) 'विध्वस्त जीवन' कथामा नेपाली युवतीको देब्रे कुम के के ले ढाकेको थियो ?

(च) मधुकरले कहाँबाट 'डिप्लोमा-इन-फाइन आर्टस' प्राप्त गरेका थिए ?

(छ) हरिप्रसाद गोर्खा राईको जन्म कहिले र कहाँ भएको थियो ?

3. उत्तर लेख : *(कुनै नौ प्रश्नको)* 4×9=36

(क) साहित्यको विभिन्न भागको नाम लेखिधार्मिक साहित्यको परिचय छोटकरीमा लेख।

(ख) संस्कृति सम्वन्धमा इन्द्रबहादुर राईज्यूले दिनु भएको परिभाषा कस्तो छ ? उत्तर देऊ।

(ग) प्राचीन भारतीय नारी र शिशुहरूको सूची प्रस्तुत गर।

(घ) 'मेरा बारीका भाते करेला' निबन्धमा निबन्धकारले भाते करेला माथि कस्तो विचार व्यक्त गरेका छन् ? छोटकरीमा लेख।

(ङ) "मैले रङ्गको कुची पुछ्ने, कुची सफा गर्ने गरेको यो भ्यानिष्टकको टुक्रो हो, यहाँ कसरी आयो ?

— माथिको वाक्यको तात्पर्य स्पष्ट पार।

(च) पिकदूत' कवितामा कविताकी नायिका र उनको पतिको भेट को द्वारा र कसरी भएको थियो ? उत्तर देऊ।

(छ) 'मेरो एउटा नागाहुकी' कथामा कसले, कसलाई र किन हत्या गरेको थियो ? उत्तर देऊ।

(ज) लङ्किनीले किन हनुमानलाई प्रहार गरेकी थिई र त्यसपछि के भएको थियो ? व्याख्या गर।

(झ) "आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो" —

— माथिको पंक्तिको आशय स्पष्ट पार।



(ञ) 'कर्म' कवितामा कविले आशा र निराशाको वर्णन कसरी गरेका छन् ? उत्तर देऊ।

(ट) 'भोलि उदाउने सूर्यलाई' कविताका कविले के सन्देश दिन खोजेका छन ? कविताको आधारमा स्पष्ट पार।

(ठ) 'पूजा प्रसाद भगिनी कर बाट पाई

गर्छन विनोद भगिनी घर दाज्यू-भाइ॥

— माथिको पंक्तिको अर्थ खुलस्त पार्दै यसको आशय स्पष्ट पार।

4. (क) सप्रसङ्ग व्याख्या गर : 5

"यस्तै घाम छायाको बीचमा
बतासको बत्ती जस्तै
लकपकाउँदै मधुरो हुँदै उकँसदै छटपटाउँदै
जीवन खर्च हुँदै जान्छ"

*अथवा*

"कुनै पनि चाड पर्व जातीय खुसीको चीज
हुनु पर्छ, विषादको वीज हुनु हुँदैन।

(ख) भाव विस्तार गर : *(कुनै एकको)* 5

*(i)* हुने बिरूवाका चिल्ला पात

*(ii)* इन्द्रको अगाडि स्वर्गको बयान

(ग) *(i)* सन्धि विच्छेद गर : 2

महौषधि, उच्चारण

*(ii)* सर्वनाम छुटयाऊ : 2

तिम्रो पुस्तक म सँग छ

*(iii)* समास निर्णय गर : 2

आमा बाबु, दोबाटो

*(iv)* लिङ्‍ग परिवर्तन गर : 2

विद्वान, सासू

*(v)* विपरीत शब्द लेख : 2

उकालो, उपकार

(घ) वाक्य रचना गर : *(कुनै पाँचको)* 5

दिन लाग्नु, टाप कस्नु, वैकुण्ठवास हुनु, सुनमा सुगन्ध, आगो पानी हुनु, जरा गाडनु मुखमा पानी आउनु।



5. कुनै **एक** विषयमाथि निबन्ध लेख : 15

(क) नेपाली जनजीवनमा दशैंको महत्व

(ख) मोबाइल फोनबाट लाभ र हानि

(ग) अनुशासन

(घ) असमको प्राकृतिक सौन्दर्य

(ङ) असमका कुनै एक नेपाली कवि वा साहित्यकार।

——— × ———